# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काईसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४८ सालको ऐन नं. ४३

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## राष्ट्रिय समाचार समिति ऐन, २०१९ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : राष्ट्रिय समाचार समिति ऐन, २०१९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काइसौं वर्षमा संसदले यो ऐन बनाएकोछ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "राष्ट्रिय समाचार समिति (तेस्रो संशोधन) ऐन, २०४८" रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. राष्ट्रिय समाचार समिति ऐन, २०१९ को दफा ३२ मा संशोधन : राष्ट्रिय समाचार समिति ऐन, २०१९ को दफा ३२ को सट्टा देहायको दफा ३२ राखिएकोछ :-

"३२. समाचार संकलन र बिक्री वितरण गर्ने सम्बन्धमा विशेष व्यवस्था : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि अन्य राष्ट्रिय र अन्तर्राष्ट्रिय समाचार समितिहरूले श्री ५ को सरकारको स्वीकृति लिई नेपाल अधिराज्य भित्र बसी समाचार संकलन गर्न र विदेशमा पठाउन सक्नेछन्।

(२) उपदफा (१) बमोजिमका समाचार समितिहरूले प्रचलित कानून बमोजिम स्थापित समाचार समितिहरु वा श्री ५ को



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सरकार मार्फत मात्र नेपाल अधिराज्यभित्र आफ्नो समाचार बिक्री वितरण गर्न पाउनेछन्।"

लालमोहर सदर मिति :– २०४८।१२।३०।१

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार